नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री भोला दाहालले गरेको फैसला

**मुद्दा-: कालो बजारी ।**

**मि.नं.-२७७ दायर मितिः-२०८१/११/११**

**वादी** **फैसला मितिः-२०८२/०८/२९** **प्रतिवादी**

| वादी | प्रतिवादी |
|---|---|
| **प्र.स.नि.भुलेन्द्र गिरी समेतको प्रतिवेदनले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा वीरगंज म.न.पा.वडा न.१३ मुर्ली बस्ने ईसलाम मियाँ अन्सारीको छोरा वर्ष ४२ को हारुन अन्सारी समेत २ जना .............................................१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. बाखीमा मासुमा खसीको अण्डकोकोष टाँसी खसिकोको मासु हो भनि बिक्री वितरण गरिरहेको अवस्थामा प्रतिवादी हारुन अन्सारीलाई पक्राउ गरिएको भन्ने व्यहोराको प्रहरी प्रतिवेदन .।

२. बाखीको मासुमा खसीको अण्डकोकोष टाँसी खसिकोको मासु हो भनि बिक्री वितरण गरिरहेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले बाखीको मासुमा खसीको अण्डकोकोष टाँसी खसिकोको मासु हो भनि बिक्री वितरण गरिरहेको थिए र उक्त वारदातमा म र मेरो साहु अनारुल मिया अंसारीको मात्र संलग्नता छ भन्ने प्रतिवादी हारुन अन्सारीको बयान कागज।

४. प्रतिवादी हारुन अन्सारीले बाखीमासुमा खसीको अण्डकोकोष टाँसी खसिकोको मासु हो भनि बिक्री वितरण गरिरहेको हुँदा निजालाई प्रहरीले पक्राउ गरेको सुनि थाहा पाएको हु । निज प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सलिम मियाँ अन्सारी समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

<u>ठहर-खण्ड</u>

यसमा मिति २०८१/१०/२८ गते साँझ अं.१८ बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.13 प्रतिमा चोक स्थित मैले संचालन गरेको आस्मि फ्रेस हाउसमा बाखीको मासुमा खसीको अण्डकोष टाँसी बाखीको मासुलाई खसीको मासु हो भनि विक्री वितरण गरिरहेको अवस्थामा उक्त समयमा प्रहरी आई उक्त मासुका बारेमा मलाई सोधपुछ गर्दा बाखाको मासुमा खसीको अण्डकोष टाँसी मासुलाई खसीको मासु हो भनि बेच्दै गरेको भने पछि मलाई प्रहरीले पक्राउ गरेका हुँन । साथै मेरो पसलमा काम गर्ने अनारुल मियाँ अन्सारी प्रहरीले सोधपुछ गरेको देखि भागी फरार भएका थिए भनि प्रतिवादी हारुन अन्सारीले साविती बयान गरेको र मिति २०८१/१०/२८ गते साँझ अं.१८ बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१३ प्रतिमा चोक स्थित मेरो दाजुले संचालन गरेको आस्मि फ्रेस हाउसमा बाखीको मासुमा खसीको अण्डकोष टाँसी बाखीको मासुलाई खसीको मासु हो भनि विक्री वितरण गरिरहेको अवस्थामा उक्त समयमा प्रहरीले मेरो दाजुलाई प्रहरीले पक्राउ गरेको कुरा म घर आए पछी मलाई थाहा भयो । म र मेरो गाउँका साथि भाईहरु भारतमा रहेको अजमेर सरिफ भन्ने ठाँउमा हामी वीरगंजबाट बसमा गएका थियो । उक्त बस म समेत गरी साथीहरुले बुक गरेका थिए । हामी उक्त ठाउँबाट घुमी करिव १३ औं दिनमा घर फर्केको थियौं । म घरमा आउदा मेरो दाजु पक्राउ परेको दुई दिन भई सकेको थियो । म बारदारतको समयमा भारतमै रहेको हुँदा बाखीको मासुमा खसीको अण्डकोष टाँसी बाखीको मासुलाई खसीको

मासु बिक्री गरेको घटनामा मेरो कुनै पनि संलग्नता छैन ।मेरो दाजु हरुन मियाँ असारीलाई प्रहरीले पक्राउ गरेपछी डराएर मेरो नाम लिएको हुन अर्का प्रतिवादी अनारुल अंसारीले ईन्कारी बयान गरेतापनि, मिति २०८१/१०/२८ गते साँझ अं.१८ बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१३ प्रतिमा चोक स्थित आस्मि फ्रेस हाउसमा बाख्रीको मासुमा खसीको अण्डकोष टाँसी बाख्रीको मासुलाई खसीको मासु हो भनि विक्री वितरण गरिरहेको अवस्थामा फेला पारी उक्त विक्री वितरण गरिरहेको मासुलाई बरामद गरी प्रतिवादी हारुन अन्सारीलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि दाखिला गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी हारुन अन्सारीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीहरु हारुन अन्सारी र अनारुल मियाँ अन्सारीलाई उपरोक्त बमोजिम स्थापित कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ६ बमोजिमको कसूर गरेको ठहर्छ। यसरी बाख्रीमा मासुमा खसीको अण्डकोकोष टाँसी खसिकोको मासु हो भनि बिक्री वितरण गरिरहेको अवस्थामा प्रतिवादी हारुन अन्सारीलाई पक्राउ गरिएको र हारुन अन्सारीनै उक्त मासु पसलको संचालक रहेको संलग्न प्रमाणबाट देखियो र मैले बाख्रीको मासुमा खसीको अण्डकोकोष टाँसी खसिकोको मासु हो भनि बिक्री वितरण गरिरहेको थिए र उक्त वारदातमा म र मेरो साहु अनारुल मिया अंसारीको मात्र संलग्नता छ भन्ने प्रतिवादी हारुन अन्सारीको बयान रहेकोमा प्रतिवादी अनारुल मियाँ अन्सारीले वारदातको समयमा आफु भारतको अजमेर गएको र साक्षि गवाहमा भोला अंसारी र अब्दुल अन्सारीलाई राख्न चाहेकोमा साक्षी गवाहहरुलाई बकपत्रको लागि उपस्थित गराएको नदेखिएको अवस्था समेतलाई बिश्लेषण गरी ऐ. ऐनको दफा ६ बमोजिम प्रतिवादी हारुन अन्सारी लाई कैद दिन १३, जरिवाना रु.१००,०००0/- अक्षरेपी एक लाख मात्र र क्षतिपूर्ति रकम रु.४०००/- अक्षरेपी सात हजार मात्र र अर्का प्रतिवादी अनारुल मियाँ अन्सारीलाई जरिवाना रकम रु.९६००/- अक्षरेपी नौ हजार छ सय मात्र र क्षतिपूर्ति शुल्क रु.४००/- अक्षरेपी चार सय मात्र हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ६ बमोजिमको कसूरमा ऐ. ऐनको दफा ६ बमोजिम प्रतिवादी हारुन अन्सारीलाई ठहरेको कैद दिन १३ निज मिति २०८१/१०/२८ देखि २०८१/११/१० हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ति शुल्कको हकमा निजले र.नं.२५२/२०८१/११/१३ बाट दाखिला गरेको धरौटी रकम रु.१८००००/- बाट जरिवाना रु.१००,०००/- र क्षतिपूर्ति शुल्क रु.४०००/- कट्टी गर्नु र बाँकी रकम फिर्ता गर्नु भनि लेखा शाखा, जिल्ला प्रशासन कार्यालय, पर्सालाई पत्र लेख्नु । साथै अर्का प्रतिवादी अनारुल मियाँ अन्सारीलाई ठहरेको जरिवाना तथा क्षतिपूर्ति शुल्कको हकमा निजले र.नं.३१५/२०८२/०१/१७ बाट दाखिला गरेको धरौटी रकम रु.१०,०००/- बाट जरिवाना रकम रु.९६००/- र क्षतिपूर्ति शुल्क रु.४००/- कट्टी गर्नु ----------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याय दिनु--१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------------------१

**भोला दाहाल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८२ मंसिर महिना २९ गते सोमवार रोज २/ ने.सं. ११४६ थिंलागा एकादशी, शुभम् ........